कस्टम हायरीङ्ग सेन्टर स्थापना तथा संचालन सम्बन्धि प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८३

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६(पहिलो संसोधन २०७७)" को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश (मन्त्रिस्तरीय निर्णय) बाट लागू हुने गरी यो प्राविधिक मापदण्ड तथा सञ्चालन विधि तयार गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो विधिको नाम **"कस्टम हायरीङ्ग सेन्टर स्थापना तथा संचालन सम्बन्धि प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८३"** रहेको छ ।

(२) यो विधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधिमाः

(१) **"आवेदक"** भन्नाले यस कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषि सहकारी/कृषक समुह/उद्योग/स्थानिय तह सम्झनु पर्दछ।

(२) **"कार्यक्रम"** भन्नाले कस्टम हायरीङ्ग सेन्टर स्थापना तथा संचालन सम्झनु पर्दछ र सो शब्दले बाली विशेष (आँप, दुई बाली धान लगायतको) कस्टम हायरीङ्ग सेन्टर स्थापना कार्यक्रम समेत सम्झनु पर्दछ।

(३) **"केन्द्र"** भन्नाले जिल्ला स्थित कृषि ज्ञान केन्द्र सम्झनु पर्दछ।

(४) **"निर्देशनालय"** भन्नाले मधेश प्रदेश स्थित कृषि विकास निर्देशनालय सम्झनु पर्दछ।

(५) **"मन्त्रालय"** भन्नाले मधेश प्रदेश स्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ।

(६) **"अनुदानग्राही"** भन्नाले यस कार्यक्रमका लागि छनौट भएका कृषि सहकारी/कृषक समूह/उद्योग/स्थानिय तह सम्झनु पर्दछ।

(७) **"सेन्टर"** भन्नाले कृषि यन्त्रको उपलब्धता तथा प्रयोग प्रवर्द्धन गर्न बाली/वस्तुका लागि उत्पादन देखि भण्डारण पूर्व सम्मका कृषि कर्मका लागि आवश्यक पर्ने सबै प्रकारका कृषि औजार, यन्त्र, उपकरण, मेशिनरीहरु वा सोको सेट सहुलियतपूर्ण भाडामा उपलब्ध गराउने कस्टम हायरिङ्ग सेन्टर सम्झनु पर्दछ।

३. उद्देश्यः (१) कृषि कार्यमा श्रममाथिको निर्भरता क्रमशः घटाउदै कृषि यन्त्रको सहज र सुलभ उपलब्धता तथा प्रयोग प्रवर्द्धनका साथै कृषि यान्त्रिकरण केन्द्र स्थापना तथा संचालन गर्ने।

४. कार्यक्रम सञ्चालनः (१) आ.व २०८३/८४ को वार्षिक स्विकृत कार्यक्रम अन्तरगत कस्टम हायरिङ्ग सेन्टर संचालनको लागि यस संचालन विधि को अनुसूचि ०४, ०५, ०६, ०७, ०८ बमोजिम हुनेछ।

(२) अन्य कस्टम हायरिङ्ग सेन्टर संचालन कार्यक्रमहरू पनि माथि उल्लेखित अनुसूचि मा रहेका यन्त्रउपकरणमा संचालन गर्न सकिनेछ।

डा. संजय कुमार यादव

(३) उक्त अनुसूचिहरू मा उल्लेखित बाहेक अन्य यन्त्रउपकरण आवश्यक रहेको खण्डमा निर्देशनालयबाट सहमति लिई कार्यक्रम संचालन गर्न सकिनेछ।

५. अनुदानग्राहीको किसिमः (१) सेन्टर स्थापनाका लागि कम्तीमा ५ कट्ठा जग्गा तथा लागत सहभागीता बापतको रकम सुनिश्चित गरेका देहायका अनुदानग्राही हुन सक्नेछन्।

(क) स्थानिय तहः लागत साझेदारीमा कस्टम हायरीङ्ग सेन्टर स्थापना गर्न बजेट विनियोजन गरेका वा गर्न प्रतिबद्ध स्थानिय तहहरू ।

(ख) सहकारी संस्थाः प्रचलित कानुन अनुसार दर्ता भई कृषकहरुबाट बाली उत्पादनमा सहजिकरण गरिरहेका सहकारी संस्था।

(ग) कृषक समूहः प्रचलित कानुन अनुसार दर्ता भई कृषि कार्य गरी रहेका कृषक समूह।

(घ) कृषिजन्य उद्योगः प्रचलित कानुन अनुसार दर्ता भई कृषकहरुबाट बाली उत्पादनमा सहजिकरण गरिरहेका उद्योग, कम्पनी।

(२) उद्योग, समुह र सहकारीको हकमा लगानी बापतको रकम बराबरको रकमको श्रोत सुनिश्चिताको लागि सम्बन्धित खाताको बैंक स्टेटमेन्ट वा बैंकको लगानीको प्रतिबद्दता पत्र।

६. कस्टम हायरिङ्ग सेन्टर स्थापना लागि आवश्यक पूर्वाधारहरुः (१) सेन्टर स्थापना गर्न ईच्छुक स्थानीय तह/सहकारी संस्था/कृषक समूह /कृषिजन्य उद्योगले सेन्टर स्थापनाका लागि देहायका सेवा/सुबिधा /पूर्वाधार भएको स्थान उपलब्ध हुनु पर्नेछ ।

(क) कृषकहरुलाई सकभर पायक पर्ने स्थानमा सेन्टर स्थापनाका लागि प्रस्तावकले आवश्यक घर/टहरा र जग्गा उपलब्ध गराउनु पर्नेछ।

(ख) सेन्टर स्थापना गर्ने प्रस्तावित जग्गा प्रस्तावकको स्वामित्वको हुनु पर्नेछ। सो नभएमा कम्तिमा १५ बर्ष अवधिका लागि जग्गाधनीको कित्ता नं खुलेको विवरण सहित प्रचलित कानुन बमोजिम भाडामा लिएको हुनु पर्नेछ।

(ग) सेन्टरबाट सेवा सुविधा प्रयोग हुने स्थानसम्म यन्त्र उपकरणहरुको सहज आवागमन हुन सक्ने स्थान हुनुपर्नेछ ।

(घ) कृषि यन्त्रहरुको मर्मत सम्भारको लागि दक्ष जनशक्ति तथा सुरक्षा बन्दोवस्त अनुदानग्राहीले गर्नुपर्नेछ।

(ङ) विद्युतको उपलब्धता भएको वा हुन सक्ने हुन पर्नेछ।

(च) यन्त्रउपकरणको बिमा अनुदानग्राहिको एकल जिम्मा हुनेछ।

डा. संजय कुमार साह
प्रदेश सचिव

७. **प्रस्ताव आव्हानः** (१) सम्बन्धित जिल्लाको केन्द्रले कम्तीमा (१५) पन्ध्र दिने दैनिक पत्रिकामा अनुसूची - १ बमोजिम सूचना प्रकाशन गर्नेछ र आवेदकले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदनसँगै अनुसूची -३ बमोजिमको प्रस्ताव पेश गर्नु पर्नेछ। प्रकाशित भएको सूचनाको जानकारी जिल्लास्थित सबै स्थानीय तह तथा निर्देशनालयमा समेत पठाउनु पर्नेछ। सूचना तथा प्रस्तावको ढाँचा कार्यालयको वेबसाईटमा समेत राख्नुपर्नेछ।

(२) उक्त म्याद भित्र पर्याप्त आवेदन पेश हुन नआएमा सात (७) दिनको म्याद थप गरी पुनः सूचना प्रकाशन गरिनेछ र उक्त थप म्यादभित्र समेत गरी जे जति सँख्यामा आवेदन संङ्कलन भए पछि सो लाई नै अन्तिम मानि कार्यक्रम सञ्चालन गर्ने बाधा पुग्ने छैन।

८. **प्रस्ताव मूल्याङ्कन समितिः** (१) पेश भएका आवेदन प्रस्तावहरुको मुल्याङ्कनका लागि देहाय बमोजिमको प्रस्ताव मुल्याङ्कन समिति रहनेछः

(क) केन्द्रको प्रमुखले तोकेको अधिकृत - संयोजक

(ख) निर्देशनालयको प्रतिनिधि - सदस्य

(ग) कार्यक्रम हेर्ने प्राविधिक कर्मचारी - सदस्य-सचिव

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार २ जनासम्म विशेषज्ञको आमन्त्रण गर्न वा परामर्श लिन सक्नेछ।

(३) मूल्याङ्कन समितिले प्रस्तावाहरुको अनुसूची-१० बमोजिम प्रस्ताव मूल्याङ्कन गर्नुपर्नेछ र मूल्याङ्कन गर्दा प्रस्तावित क्रियाकलाप अपेक्षित उद्देश्यसँग सम्बन्धीत भए/नभएको आदि हेरी क्रियाकलाप अनुसारको परियोजनाको कूल लागत अनुमान सहित स्थलगत निरीक्षण समेत गरि मूल्याङ्कन गर्नु पर्नेछ। सो समितिले आवश्यकता अनुसार मूल्याङ्कनका आधार थप गर्नसक्नेछ ।

(४) प्रस्तावाहरुको मूल्याङ्कन समितिले समग्र मूल्याङ्कन गरी अनुदानग्राहीको नामावली अन्तिम स्वीकृतिको लागि केन्द्र प्रमुख समक्ष सिफारिस गर्नु पर्नेछ।

(५) मूल्याङ्कन भई सिफारिस सहित पेश भएको प्रस्तावनाको क्रियाकलाप अपेक्षित उद्देश्यसँग सम्बन्धित भए/नभएको आदि हेरी क्रियाकलाप तथा बजेट समेतको अध्ययन विश्लेषण गरी केन्द्र प्रमुखले स्वीकृत गर्नु पर्नेछ।

(६) अनुदानग्राहीको रुपमा छनौट भएका प्रस्तावदाताहरुको सूची केन्द्रले प्रकाशित गर्नु पर्नेछ।

ज. संजय कुमार चौधरी
प्रदेश सचिव

९. आपुर्तिकर्ता छनौट सम्बन्धी व्यवस्था: (१) सम्बन्धित प्राविधिकबाट प्राविधिक स्पेसिफिकेशन तयार गर्नुपर्नेछ र सो प्राविधिक स्पेसिफिकेशन लाई आधार मानी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार लागत अनुमान तयार गरी सम्बन्धित केन्द्र प्रमुखले स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) केन्द्रले बुँदा ७(१) बमोजिमको प्राविधिक स्पेसिफिकेशन र लागत अनुमान तयार गरे पश्चात आपुर्तीकर्ता छनौटका लागी सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद अनुसार सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) त्यसरी प्राप्त भएको आपुर्तीकर्ताको आवेदनलाई नियमानुसार मूल्याङ्कन गरि केन्द्रले तयार गरेको प्राविधिक स्पेसिफिकेशन र लागत अनुमानको आधारमा लागत अनुमान वा सो भन्दा कम दररेट पेश गरेका आपुर्तीकर्ताहरुको मूल्याङ्कन गरि सुचि तयार गर्नुपर्नेछ । सुचिकृत भएका आपुर्तिकर्ताले पेश गरेका दररेटको औसत निकालि सो औसत दरको सबैभन्दा नजिक रहेको दररेट लाई अनुदानको लागि आधार दररेट तोक्नुपर्नेछ। सो आधार दररेट भन्दा माथि दररेट भएका आपुर्तिकर्ताबाट अनुदानग्राहिले खरिद गरेको खण्डमा आधारदररेटकै आधारमा अनुदानको रकम भुक्तानि गरिनेछ,तर आधारदररेट भन्दा कम दररेट भएको आपुर्तिकर्ताबाट खरिद गर्दा आपुर्तिकर्ताले पेश गरेकै दररेटको आधारमा अनुदान रकम भुक्तानि हुनेछ।

(४) आपुर्तिकर्ताले बोलपत्र जमानत तथा कार्य सम्पन्न जमानत सार्वजनिक खरिद ऐन तथा नियमावलीनुसार पेश गर्नु पर्नेछ ।

१०. सम्झौता सम्बन्धी व्यवस्था: (१) छनौट भएका अनुदानग्राहीहरुलाई केन्द्रले समय सीमा तोकि सूचना प्रकाशन मार्फत सम्झौता गर्नका लागि अनुदानग्राहीलाई अनुरोध गर्नु पर्नेछ।

(२) समय सीमा भित्र सम्झौता गर्न नआउने वा सम्झौता गरी समयमा काम शुरु नगर्ने अनुदानग्राहीको सम्झौता रद्द गरी वैकल्पिक अनुदानग्राहीसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन।

११. अनुदानको अधिकतम सीमा: यस कार्यक्रम अन्तर्गतको प्रस्ताव स्वीकृत गर्दा **"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६(पहिलो संसोधन २०७७)"** मा व्यवस्था भए बमोजिम क्रियाकलाप अनुसार अनुदानको अधिकतम सीमा कायम हुनेछ।

१२. भुक्तानी : सुचिकृत भएका आपुर्तिकर्ताहरू मध्य अनुदानग्राहिले आफुले रोजेको आपुर्तिकर्ताबाट खरिद गरि कार्य सम्पन्न गर्नुपर्नेछ र सो पश्चात केन्द्रले कार्यको जाचबुझ गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेछ। अनुदानग्राहिले कार्य सम्पन्न प्रतिवेदनबिल भर्पाइ लगायत केन्द्रले तोकेको अन्य विवरण सहित अनुदान

डा. संजय कुमार यादव
प्रदेश सचिव

बापतको रकम भुक्तानी माग गर्दा कार्यालयले अनुदान बापतको रकम अनुदानग्राही वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई नियमानुसार भुक्तानी दिन सक्नेछ।

१३. संचालक समिति सम्बन्धी व्यवस्थाः अनुसूचि १३ बमोजिम गर्नु पर्नेछ।

१४. अनुगमन र नियमनः संचालित कार्यक्रमहरुको अनुगमन र नियमन मन्त्रालय तथा निर्देशनालयले गर्न सक्नेछ ।

१५. संशोधनः मन्त्रालयले यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१६. खारेजी तथा बचाउः (१) "कस्टम हायरीङ्ग सेन्टर स्थापना तथा संचालन सम्बन्धि प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१" खारेज गरिएको छ।

(२) "कस्टम हायरीङ्ग सेन्टर स्थापना तथा संचालन सम्बन्धि प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१" बमोजिम भए गरेको काम कारबाहि यसै बमोजिम भए गरेको मानिनेछ ।

ह. संजय कुमार यादव
प्रदेश सचिव



अनुसूची - १

बुँदा ७(१) सँग सम्बन्धित

कस्टम हायरीङ्ग सेन्टर स्थापना कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८.../..../.....

यस कृषि ज्ञान केन्द्र, ... को चालु आ.व. ..... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कस्टम हायरीङ्ग सेन्टर स्थापना कार्यक्रमको रहेको हुँदा सो कार्यक्रम सञ्चालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले ..... दिन भित्र परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. प्रस्ताब पत्र,अनुसूचि-०२ को साथै दर्ता/ नविकरण गरेको प्रमाण पत्र को प्रतिलिपी
२. स्थायी लेखा नं. (पान) को प्रतिलिपी
३. संस्थाको हकमा पदाधिकारीहरूको नागरिकताको प्रतिलिपी
४. लेखा परिक्षण प्रतिबेदन
५. कर चुक्ता प्रमाणित प्रतिलिपी
६. मूल्य अभिबृद्दि कर समायोजन प्रमाणित प्रतिलिपी
७. कस्टम हायरीङ्ग सेन्टरको लागी चाहिने उपकरणको लागत अनुमान ।
८. कस्टम हायरीङ्ग सेन्टर निमाणको लागी चाहिने जगगाको लालपूर्जाको प्रतिलिपी र सधियारहरुको स्बीकृतनामा
९. कस्टम हायरीङ्ग सेन्टर निर्माण गर्न स्थानिय निकायको सिफारिश पत्र ।
१०. स्थानिय तहको हकमा अनुदान माग गरेको अधिकारिक निणयको प्रतिलीपी ।
११. स्थानिय/सहकारी/उधोगको हकमा अवेदन दिने आधिकारिक व्यक्तिको अखितयारी पत्र
१२. पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी
१३. पदाधिकारीहरुको हाल साल खिचेको प्रष्ट फोटो, सम्पर्क नं. र तिन पुस्ते विवरण ।
१४. सम्बन्धित स्थानिय तहवाट प्रस्तावित स्थलमा कस्टम हायरीङ्ग सेन्टर निर्माण गर्नुको अवश्यकता र औचित्य खुलेको सिफारिश पत्र ।

डा. संजय कुमार यादव
प्रदेश सचिव



अनुसूची – २

बुँदा ७(१) सँग सम्बन्धित

कस्टम हायरीङ्ग सेन्टर स्थापना कार्यक्रमको लागि पेश गर्ने आवेदन

मितिः .....

श्रीमान् प्रमुखज्यू,

कृषि ज्ञान केन्द्र,.....।

विषयः कार्यक्रमको लागि आवेदन सम्बन्धमा

प्रस्तुत विषयमा तँहा केन्द्रबाट मिति २०८...../...../..... मा प्रकाशन भएको सूचना कस्टम हायरीङ्ग सेन्टर स्थापना कार्यक्रम सञ्चालनको लागि यसैसाथ संलग्न अनुसूचि-०१ बमोजिमको कागजातहरु सहित यो आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं।

हस्ताक्षरः
नामः
संस्थाको नामः
ठेगानाः
मोबाईल नंः
मितिः
छापः









अनुसूचि-०३

बुँदा ७(१) सँग सम्बन्धित

कस्टम हायरीङ्ग सेन्टर स्थापना सम्बन्धी आयोजना प्रस्ताब फारम

प्रस्ताव पेश गरेको कार्यालयः श्री कृषि ज्ञान केन्द्र,.....

क. प्रस्तावकको विवरण

१. प्रस्तावको नाम : .....

२. सम्पर्क टेलिफोन नं./मोवाईल नं.....ईमेल.....

३. प्रस्तावको किसिमः (√) चिन्ह लगाउने।

३.१. कृषि सहकारी ३.२. कृषक समूह

३.३. कृषि उद्योग ३.४ स्थानिय तह

४. ठेगाना :

जिल्लाः.....गा.पा/ना.पा/उ.ना.पा/म.ना.पाः.....वडा नं.....टोल.....

५.प्रस्तावकको दर्ता प्रमाणपत्र नं

भ्याट/ पान दर्ता नं.....दर्ता भएको निकायः..... दर्ता मितिः.....

ख. आयोजनाको विवरण

१. कृषि ज्ञान केन्द्र संग माग गरेको (साझेदारी बाहेको) रकमः ने.रु.....(अक्षरेपी रु.)

डा. संजय कुमार यादव
प्रदेश सचिव

२. कस्टम हायरीङ्ग सेन्टर निर्माण स्थलको विवरण

२.१. प्रस्तावित कस्टम हायरीङ्ग सेन्टर निर्माणको जग्गाको अवस्था

क्र.सं.	ठेगाना	जग्गाको क्षेत्रफल (कठ्ठा)	किता नं	जग्गाको स्वामित्वको	कैफियत

२.२. जिल्ला सदरमुकाम देखिको दुरी (कि.मि.)

२.३. नजिकको कस्टम हायरीङ्ग सेन्टरको नाम र दुरी (कि.मि.)

२.४. कस्टम हायरीङ्ग सेन्टर निर्माण स्थलको जिपिएस कोडः

२.५. यस भन्दा अघि कुनै निकायबाट अनुदान प्राप्त भएको छ छैनः

अनुदान प्राप्त भएको छ भने सोको विवरणः

क्र.सं.	अनुदान प्राप्त गरेको बर्ष	अनुदानको उदेश्य	अनुदान प्राप्त रकम	कुन संस्थाबाट प्राप्त भएको	कैफियत

लाभान्वित कृषक संख्याः.....

डा. संजय कुमार यादव
प्रदेश सचिव

३. कस्टम हायरीङ्ग सेन्टर स्थापना तथा संचालनको माग गरेको यन्त्र /उपकरणको विवरण

क्र.सं.	कार्यक्रम	यन्त्र /उपकरणको किसिम	संख्या	अनुमानित इकाई मूल्य रु.	कैफियत

४. यस कस्टम हायरीङ्ग सेन्टर निर्माणको लागि यो प्रस्ताव पत्र साथ संलग्न लागत अनुमान अनुसार यस आयोजनाको कुल लागत

रु. को प्रतिशतले हुन आउने अक्षरेपी. बराबरका साझेदारी रकम हामी प्रस्तावकले बेहोरी कार्यक्रम सम्पन्न गर्न प्रतिबद्धता जाहेर गर्दछु । उक्त रकम देहायका श्रोतबाट प्राप्त हुनेछ।

(क)

(ख)

यस कार्यक्रमको उद्देश्य संग हाम्रो कुनै प्रकारले स्वार्थ बाझिने अवस्था रहेको छैन । हामीले अनुदान प्राप्त गर्न कार्यालयमा कुनै प्रकारले पहुंच, प्रभाव पार्न खोज्ने छैन। सो गरेको पाईएमा कार्यालयले आवेदन रद्द गर्न सक्ने कुरामा हाम्रो पूर्ण मञ्जुरी रहेंको छ। यसमा उल्लेख गरेको विवरण सत्य सांचो हो, झुठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

आवेदकको सही :

आवेदकको नाम र पदः

ठेगानाः

घ. राजमार्ग बाट परियोजना स्थल सम्म पुग्ने नक्सा

डा. संजय कुमार यादव
प्रदेश सचिव

अनुसूचि-०४

बुँदा ४ संग सम्बन्धित

मूल्य श्रृंखलामा आधारित व्यवसायिक आँप खेति

नँया बगैंचा स्थापनाको हकमा

क्र.सं.	कृषि औजार यन्त्र उपकरणको नाम	कैफियत
१.	ट्र्याक्टर र ऐट्चामेन्ट (जोत्ने)	
२.	अर्थ अगर	
३.	पावर स्प्रेयर	
४.	पावर विडर	
५.	ड्रोन	
६.	ब्रस कटर	
७.	पुर्निङ्ग सम्बन्धि उपकरण	

पुरानो बगैंचाको लागि

क्र.सं.	कृषि औजार यन्त्र उपकरणको नाम	कैफियत
१.	ट्र्याक्टर , ऐट्चामेन्ट(जोत्ने) र ट्रली	
२.	फ्रुट पिक्र, पिकिङ्ग नेट	
३.	पावर विडर	
४.	आल्मुनियम ल्याडर	
५.	फ्रुट हार्भेस्टर	
६.	पावर स्प्रेयर	
७.	ड्रोन	
८.	ब्रस कटर	
९.	प्रुनिङ्ग उपकरण (प्रुनिङ्ग स, प्रुनिङ्ग सियर, पोल प्रुनर)	

- माथि उल्लेखितमा रहेको यन्त्रउपकरण पुर्ण सेट लिएमा प्राथमिकता दिईनेछ।

डा. संजय कुमार यादव
प्रदेश सचिव

अनुसूचि-०५

बुँदा ४ संग सम्बन्धित

मूल्य श्रृंखलामा आधारित धान बालीको लागि

क्र.सं.	कृषि औजार यन्त्र उपकरणको नाम	कैफियत
१.	ट्रयाक्टर,, ऐट्चामेन्ट(जोत्ने र थेर्सर), ट्रली	
२.	कम्बाईन हार्भेस्टर	
३.	पावर विडर	
४.	लेजर ल्याण्ड लेभलर	
५.	ट्रयाक्टर, राईस ट्रान्सप्लान्टर, ट्रे, सिडर ,प्लास्टिक हाउस	
६.	ड्रम सिडर	
७.	रोटाभेटर	
८.	बीउ र फर्टिलाइजर ब्रोडकास्टर वा स्प्रेडर	
९.	हिलो चक्का वा एन्टी स्किड व्हील	
१०.	एन्टी स्किड व्हील कनेक्टर वा हव कनेक्टर	
११.	रिजर वा बण्ड फर्मर	
१२.	वीडर (घाँस गोड्ने)	
१३.	पावर स्प्रेयर वा बूम स्प्रेयर	
१४.	रिपर मेशिन	
१५.	प्याडि थ्रेशर	
१६.	बोरा सिलाउने मेशिन	
१७.	ग्रेन डरायर	

➢ सामुदायिक नर्सरीकोको हकमा बुँदा नं ५ मा भएको यन्त्रउपकरण र ट्रयाक्टर तथा ट्रलिमा कार्यक्रम संचालन गर्ने सकिनेछ।

डा. संजय कुमार यादव
प्रदेश सचिव



अनुसूचि-०६
बुँदा ४ संग सम्बन्धित
मूल्य श्रृंखलामा आधारित केरा को लागि

क्र.सं.	कृषि औजार यन्त्र उपकरणको नाम	कैफियत
१.	ट्रयाक्टर तथा ट्रयाक्टर (जोत्ने)	
२.	अर्थ अगर/होल डिगर	
३.	पावर स्प्रेयर	
४.	पावर विडर	
५.	ड्रोन	
६.	ब्रस कटर	
७.	पुर्निङ्ग सम्बन्धि उपकरण	
८.	राईपनिङ्ग च्याबर	
९.	मिनि ट्रक	





अनुसूचि-०७

बुँदा ४ संग सम्बन्धित

मूल्य श्रृंखलामा आधारित टमाटर बालीको लागि

क्र.सं.	कृषि औजार यन्त्र उपकरणको नाम	कैफियत
१.	ट्रयाक्टर तथा ट्रयाक्टर (जोत्ने),ट्रली	
२.	ई-लोडर	
३.	क्रेट	
४.	विडर	
५.	रिजर	
६.	मल्चिङ्ग मेसिन	










अनुसूचि-०८
बुँदा ४ संग सम्बन्धित
उखु बालीको लागि

क्र.सं.	कृषि औजार यन्त्र उपकरणको नाम	कैफियत
१.	ट्र्याक्टर	
२.	सुगरकेन प्लान्टर	
३.	सुगरकेन सेट्स कटर	
४.	सुगरकेन ईन्टर कल्टिभेटर	
५.	एमप्लाउ .बि.	
६.	सुगरकेन ट्रेञ्चर	
७.	अर्थिङ्ग अप रिजर	
८.	रेटुन क्रप म्यानेजर	
९.	मोटर सञ्चालित सुगरकेन डिट्रेसर	
१०.	हार्भेस्टर	



अनुसूचि-०९
बुँदा १३ सँग सम्बन्धित
संचालक समिति सम्बन्धी व्यवस्था

कस्टम हायरीङ्ग सेन्टर संचालक समितिः १) कस्टम हायरीङ्ग सेन्टर स्थापना र संचालन तथा व्यवस्थापनका लागि देहाय अनुसारका सदस्यहरु रहने गरी ३ (तिन) सदस्यीय एउटा संचालक समिति गठन गर्नुपर्नेछ ।

(क) प्रस्तावक संस्थाको अध्यक्षः — संयोजक

(ख) सम्बन्धित स्थानिय तहको कृषि प्राविधिकः — सदस्य

(ग) प्रस्तावक संस्थाले तोकेको कर्मचारी/व्यवस्थापकः — सदस्य-सचिव

(२) यस केन्द्रको मूख्य संरक्षक सम्बन्धित पालिकाको प्रमुख र सह-संरक्षक सम्बन्धित कृषि ज्ञान केन्द्र प्रमुख हुनेछ ।

(३) कृषि ज्ञान केन्द्रका प्रमुख एवं प्रतिनिधि, प्रदेशस्तरिय कृषि विकास निर्देशनालय प्रमुख तथा प्रतिनिधिहरु संचालक समितिका सल्लाहकारका रुपमा रहनेछन् ।

(४) संचालक समितिको बैठक सम्बन्धी व्यवस्थाः कस्टम हाईरिंग सेन्टर संचालक समितिको बैठक सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) समितिको बैठक सामान्यतयाः महिनाको एक पटक नियमित वा आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सकिनेछ ।
(ख) समितिको नियमित बैठक बाहेक संयोजकले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ ।
(ग) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत वा सोभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।
(घ) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उप-संयोजकले बैठकको अध्यक्षता गर्नेछ ।
(ङ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
(च) समितिको बैठकको निर्णय लेख्ने तथा प्रमाणित गर्ने कार्य समितिको सदस्य-सचिवले गर्नेछ ।
(छ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

डा. संजय कुमार यादव
प्रदेश सचिव

(५) संचालक समितिको काम, कर्तव्य र अधिकार: सेन्टरको संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) मौज्दातमा रहेका सम्पूर्ण कृषि औजार यन्त्र उपकरणहरुको विवरण अध्यावधिक गरी राख्नु पर्ने,
(ख) भाडामा लगाउन सकिने कृषि औजार यन्त्र उपकरणहरुको छुटै विवरण पनि तयार पारि चालु अवस्थामा रहेको वा मर्मत गर्नु पर्ने के हो खुलाई राख्नु पर्ने,
(ग) भाडामा लगाउन सकिने तथा चालु अवस्थामा रहेको प्रत्येक कृषि औजार यन्त्र उपकरणको भाडा दर (रु. प्रति घण्टा वा प्रतिदिन वा प्रति इकाई क्षेत्रफल) आवश्यकता अनुसार छुट्टा छुटै तोक्नु पर्ने,
(घ) भाडा दर तोक्दा सम्बन्धित औजार यन्त्र उपकरणको संचालन खर्च विश्लेषण (Operating cost analysis) गरी लागत मूल्य, कार्य क्षमता, इन्धन खपत, ठाउँ विशेष, यन्त्रको किसिम र दूरी अनुसार प्रचलित दररेट, मर्मतको आवश्यकता र लागत, ह्रास कट्टी, त्यसले दिने प्रतिफल र स्थानीयस्तरको चलनचल्तीको भाडादरलाई आधारमानी सामान्यतया २०%सम्म मात्र नाफा जोडेर तोक्ने, तर यसरी तोकिने भाडादर चलनचल्तीको भाडादर भन्दा बढी हुनु नहुने,
(ङ) आफ्नो पालिका भन्दा बाहिर भाडामा दिनु परेमा भाडादरमा केही फरक हुन सक्नेछ तर यस्तो फरक २०% भन्दा बढी गर्न पाईने छैन,
(च) भाडामा उपलब्ध गराईने कृषि औजार यन्त्र उपकरणहरु सम्भव भएसम्म कृषकहरुलाई समयमै उपलब्ध हुने व्यवस्था मिलाउने,
(छ) कस्टम हाईरिंग सेन्टर संचालन तथा व्यवस्थापन सम्बन्धि आवश्यक कार्यहरु गर्ने कर्मचारीहरुको व्यवस्था मिलाउने,
(ज) भाडामा उपलब्ध गराईने कृषि औजार यन्त्र उपकरणहरुको कसैले हिनामिना वा दुरुपयोग गरेमा तिराउनु पर्ने हर्जाना तोक्ने र तिराउन लगाउने,
(झ) सुव्यवस्थित रुपमा केन्द्र संचालन गर्न समितिले आन्तरिक आचारसंहिता (Code of Conduct) आवश्यक भएमा तयार गरी पालना गर्ने र गराउने । आचार संहिता बनाउँदा मन्त्रालयको सुझाव र स्वीकृती अनिवार्य रुपमा लिने।
(ञ) संचालक समितिले तोकिएको मापदण्ड अनुसार सहकार्य गर्ने स्थानीय तह/सहकारीको सिफारिशमा मन्त्रालयको राय समेत लिएर एक जना केन्द्र व्यवस्थापक, एक जना लेखा राख्ने कर्मचारी, तीन जना केन्द्रको सूरक्षाको लागि पालोपहरामा बस्ने कर्मचारी र आवश्यकता अनुसार सवारी चालकहरु नियुक्त गर्ने।
(ट) तोकिएका मापदण्डहरुको आधारमा केन्द्र व्यवस्थापक नियुक्त गर्ने ।
(ठ) सेन्टर व्यवस्थापकको काम, कर्तव्य, अधिकार र जिम्मेबारी निर्धारण गर्ने ।
(ड) मन्त्रालय, निर्देशनालय स्थानीय तह, जिल्ला तथा स्थानीय तह स्थित सरकारी कार्यालयहरु, कृषक समुह, कृषि सहकारी संस्थाहरु, कृषि फर्म/उद्यमीहरु र अन्य सोरोकारबालाहरु बीच समन्वय कायम गर्ने ।
(ढ) सेन्टरलाई व्यवस्थित रुपमा संचालन गर्न आधारहरु तयार गर्ने र संचालन प्रकृया सरल र सहज बनाउने।
(ण) समिति मार्फत संचालन गरिने आर्थिक कारोबारको लेखा व्यवस्थापन तथा लेखा परीक्षण गराउने ।
(त) सेन्टर निर्माण, व्यवस्थापन, संचालन र अनुगमनका सन्दर्भमा अन्य सबै आवश्यक कार्यहरु गर्ने ।

डा. संजय कुमार यादव
प्रदेश सचिव

(थ) संचालक समितिले देहायका योग्यताको आधारमा एक व्यवस्थापक नियुक्त गर्नेछ ।

(१) कम्तिमा प्रविणता प्रमाण-पत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको,

(२) संस्था व्यवस्थापन कार्यमा न्यूनतम ३ बर्ष अनुभव भएको,

(३) २१ बर्ष उमेर पुगेको,

(४) समन्वय क्षमता उच्च रहेको,

(५) स्थानीय भाषा बोलचाल गर्न सक्ने,

(६) कुनै राजनीतिक दलको सांगठनिक पदमा नरहेको,

(७) सरकारी वा कुनै संगठित संस्थाको बहालवाला कर्मचारी नरहेको,

(८) नैतिक पतन, आर्थिक अपचलन वा कुनै फौजदारी अभियोगमा कसुरदार नठहरिएको र

(९) मानसिक अवस्था सामान्य रहेको ।

(द) कृषि यन्त्र केन्द्रको संचालन, व्यवस्थापन र सुरक्षाको सम्पूर्ण व्यवस्था सेवा प्रदायक संस्था, केन्द्र संचालक समिति र केन्द्र व्यवस्थापकको हुने ।

(ध) सम्बन्धित सेवा प्रदायक संस्थाहरुले आम्दानी र खर्चको फाँटबारीको साथै उपलब्धी, समस्या, चुनौती, समाधानका उपायहरु र सामाधान गर्न गरिएका प्रयासहरुको विवरण मासिक रुपमा मन्त्रालयमा प्रत्येक महिनाको ७ गते भित्र अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने । त्यस्तै चौमासिक र बार्षिक प्रगति विवरण पनि समयमै उपलब्ध गराउने।

(न) कृषि औजार यन्त्र उपकरणहरु भाडामा लगाउने तथा मर्मत गर्ने लगायतका अन्य कुरा सम्बन्धित कस्टम हाईरिंग सेन्टर संचालक समितिले निर्णय गरे अनुसार हुने।

(प) केन्द्र व्यवस्थापक, लेखा राख्ने कर्मचारी, यन्त्र चालकहरु र पालेहरुको पारिश्रमिक आम्दानी तथा खर्चको अनुपातमा प्रचलित कानून बमोजीम संचालक समितिले निर्धारण गर्ने ।

(फ) कस्टम हाईरिंग सेन्टर संचालन तथा व्यवस्थापन सम्बन्धि अन्य आवश्यक कार्यहरु तथा निर्णयहरु गर्ने।

(ब) संचालक समितीले सेवा माग गर्ने तथा सेवा प्रवाह गरेको सेवाग्राही कृषकको स्पष्ट अभिलेख राख्ने व्यवस्था गर्नेछ। साथै आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखी नियमित लेखा परिक्षण गराउनु पर्नेछ।

(भ) कस्टम हायरिंग सेन्टर स्थापना तथा संचालन भएपछी यसको आय व्यय तथा हिसाबको लागी यसको आफ्नै बैंक खाता मार्फत आर्थिक कारोवार हुनेछ।

डा. संजय कुमार यादव
प्रदेश सचिव



अनुसूचि-१०
बुँदा ८(३) सँग सम्बन्धित
प्रस्ताव मूल्यांकन सम्बन्धी व्यवस्था

क्र. सं.	मूल्यांकनका आधार	पूर्णांक	प्राप्तांक	कैफियत
१.	कृषि औजार यन्त्र उपकरण मांग गरेको औचित्य	१०		
२.	प्राप्त गर्न खोजेको उद्देश्यहरु	५		
३.	हासिल हुने उपलब्धीहरु	१०		
४.	स्थापना प्रक्रीयाको प्रष्टता	५		
५.	संचालन प्रक्रियाको प्रष्टता	५		
६.	दिगोपनाका अधारहरु	१०		
७.	प्रस्तावकको लगानी	२०		
८.	प्रस्ताव लेखाईको पूर्णता	५		
९.	लाभान्वित हुने घरधुरी र कूल कृषक संख्या	१०		
१०.	स्थलगत निरिक्षण	२०		

डा. संजय कुमार यादव
प्रदेश सचिव